# राष्ट्रिय सामाजिक पार्टी

नियमावली २०८३

पुस्तकको नाम : राष्ट्रिय सामाजिक पार्टी नियमावली २०८३

प्रकाशक : राष्ट्रिय सामाजिक पार्टीको केन्द्रीय समिति

संस्करण :

मुद्रित प्रति :

मिति :

मूल्य :

**विषयसची**

परिच्छेद- १ प्रारम्भिक……………………………………………………………………………………३

परिच्छेद- २ सदस्यता, नवीकरण र अभिलेख व्यवस्थापन…………………………………………………४

परिच्छेद- ३ महाधिवेशन र अधिवेशनमा प्रनिधित्व……………………………………………………७

परिच्छेद- ४ कार्यविभाजन, कार्यालय सञ्चालन र प्रतिवेदन………………………………………………८

परिच्छेद- ५ विभागको गठन र संचालन…………………………………………………………………९

परिच्छेद- ६ पार्टी संयन्त्र, कार्यदल र विशेष समिति……………………………………………………३०

परिच्छेद- ७ विधान संशोधन तथा फरक मत उपरको छलफल………………………………………………३१

परिच्छेद- ८ सम्पत्ति विवरण तथा आर्थिक व्यवस्था……………………………………………………३२

परिच्छेद- ९ अनुसन्धान प्रतिष्ठान, जनसंगठन समन्वय संयन्त्र तथा स्वयंसेवी संगठन………………३४

परिच्छेद- १० विविध……………………………………………………………………………………३५

अनुसुची- १ पार्टी सदस्यता आवेदन पत्र…………………………………………………………………३७

अनुसुची- २ पार्टी सदस्यको विवरण………………………………………………………………………४०

अनुसुची- ३ सदस्यता-पत्र……………………………………………………………………………………४१

अनुसुची- ४ सदस्यता स्थानान्तरण पत्र…………………………………………………………………४२

## राष्ट्रिय समाजिक पाटी को

## नियमावली, २०८३

राष्ट्रिय सामाजिक पार्टीको केन्द्रिय भेला बाट

राष्ट्रिय समाजिक पार्टी नियमावली,२०८३ पारित गरी लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

---

### १. नाम र प्रारम्भ

१. यस नियममवलीको नाम ' राष्ट्रिय सामाजिक पार्टी को नियमावली २०८३ रहेको छ ।
२. यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

१. 'पार्टी' भन्नाले राष्ट्रिय सामाजिक पार्टी सम्झनुपर्दछ ।

२.'विधान' भन्नाले राष्ट्रिय सामाजिक पार्टी को विधान, २०८३ सम्झनुपर्दछ ।

३. 'नियमावली' भन्नाले राष्ट्रिय सामाजिक पार्टी को नियमावली, २०८३ सम्झनुपर्दछ ।

४. निकाय भन्नाले पार्टीको विधान र यस नियमावली बमोजिम गठन भएको निकाय सम्झनुपर्दछ ।

५.'पार्टीसम्बद्ध जनसङ्गठन' भन्नाले यस नियमावलीको नियम, २५ मा सूचीकृत जनसंगठन सम्झनुपर्दछ । सो शब्दले पार्टीको वैचारिक तथा राजनीतिक नेतृत्व स्वकिार गर्ने र केन्द्रीय समिति निर्णय गरिएका जनसङ्गठनलाई समेत सम्झनुपर्दछ ।

६. ‘कार्यालय’ भन्नाले केन्द्रीय समितिको हकमा विधानको धारा-१७ (२), धारा- २२ र धारा-९४ बमोजिम गठन भएको कार्यालयलाई सम्झनुपर्दछ। सो शब्दले यस नियमावलीको नियम, १३ बमोजिमको कार्यालय समेतलाई सम्झनुपर्दछ।

परिच्छेद-२

**सदस्यता, नवीकरण र अभिलेख व्यवस्थापन**

## ३. सदस्यता लिन निवेदन दिनुपर्ने

१.विधानको धारा-५ को उपधारा (१) बमोजिम पार्टी सदस्य बन्न योग्यता पुरा गरेको व्यक्तिले अनुसुची-१ बमोजिमको ढाँचामा पालिका समितिमा वा अनलाइनको माध्यमबाट आवेदन दिनुपर्नेछ।

२. उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रीय समितिले कुनै व्यक्तिलाई सोझो सदस्यता प्रदान गर्न यस नियमावलीमा लेखिएको कुनै कुराले बाधा पर्नेछैन। तर यसरी सदस्यता प्रदान गरिएकोमा मातहतका सम्बन्धित समितिलाई सोको जानकारी दिनुपर्नेछ।

३. केन्द्रीय समितिले पार्टी सदस्यको डिजिटल डाटाबेस तयार गरी सम्बन्धित सबै तहका समिति र सदस्यहरुको पहुँच स्थापित गर्नेछ। सम्बन्धित समितिले आफ्नो कार्यक्षेत्रका पार्टी सदस्यको विवरणको डिजिटल र छापाप्रति सुरक्षित रुपमा राख्नुपर्नेछ।

## ४. सदस्यता शुल्क र लेबी

१. पार्टी सदस्यताको आवेदनपत्र पालिका कार्यालयबाट प्राप्त गर्न वा पार्टीको वेबसाईट वा एपबाट डाउनलोड गर्न सकिनेछ र वेबसाईट बाटै भरेर पठाउन सकिन्छ।

२.पार्टी सदस्यता शुल्क मासिक रु ५/- देखी ५० सम्म हुनेछ। यो व्यवस्था परीक्षणकालको आरम्भदेखि नै लागु हुनेछ।

३. पार्टी सदस्यता शुल्कको ४० प्रतिशत केन्द्रीय समितिमा, २५ प्रतिशत सम्बन्धित प्रदेश वा सो सरहको समितिमा, २० प्रतिशत सम्बन्धित जिल्ला वा सो सरहको समितिमा र १५ प्रतिशत सम्बन्धित पालिका समितिमा रहनेछ

४. माथिल्लो समितिले मातहत समितिलाई र सम्बन्धित समितिले आफ्नो समितिका सदस्यलाई लेबी तोक्न सक्नेछ । जिल्ला समितिले प्रदेश समितिमार्फत प्रति सदस्य मासिक रु. ५/- का दरले पार्टी केन्द्रमा लेबी बुझाउनुपर्नेछ ।

५. पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधि तथा पार्टीको सिफारिसमा राजनीतिक नियुक्तिमा गएका व्यक्तिहरुले देहायबमोजिम लेबी बुझाउनुपर्नेछ :

क) सङ्घीय सरकारका मन्त्री, प्रतिनिधिसभा सदस्य, राष्ट्रियसभा सदस्य र संघीय सरकारबाट नियुक्त व्यक्तिको लेबी केन्द्रीय समितिले निर्धारण गरे बमोजिम ।

ख) प्रदेश सरकारका मन्त्री, प्रदेशसभा सदस्य र प्रदेश सरकारले नियुक्त गरेको व्यक्तिको लेबी सम्बन्धित प्रदेश समितिले निर्धारण गरे बमोजिम ।

ग) जिल्ला तहमा निर्वाचित र जिल्ला तहको निकायबाट नियुक्त व्यक्तिको लेबी सम्बन्धित जिल्ला समितिले निर्धारण गरे बमोजिम ।
घ) स्थानीय तहमा निर्वाचित र स्थानीय तहबाट नियुक्त व्यक्तिको लेबी सम्बन्धित पालिका समितिले निर्धारण गरे बमोजिम ।

## ५. सदस्यता नवीकरण गर्ने तरिका

१. केन्द्रीय समिति, केन्द्रीय निकाय र केन्द्रीय निकाएका पदाधिकारी र सदस्यको सदस्यता नवीकरण केन्द्रीय समितिले गर्नेछ । प्रदेश समिति र प्रदेशस्तरीय पदाधिकारी र सदस्यको सदस्यताको नवीकरण प्रदेश समितिले गर्नेछ । जिल्ला समिति पदाधिकारी, सदस्य र सो मातहतका अन्य सबैको सदस्यता नवीकरण सम्बन्धित जिल्ला समितिले गर्नेछ ।

२. तोकिएको समयमा सदस्यता नवीकरण नभएको कुनै पनि सदस्यले पार्टी सदस्यको अधिकारको प्रयोग गर्न पाउने छैन ।

३. आगामी वर्षका लागि पार्टी सदस्यताको नवीकरण चालू वर्षको फाल्गून र चैत्र महिनामा गर्नुपर्ने । विशेष अवस्थामा केन्द्रीय समितिले सदस्यता नवीकरण विधि तथा प्रक्रिया परिवर्तन गर्न सक्नेछ ।

४. विधानको धारा-८ को उपधारा (२) बमोजिम नवीकरण नभएको कारण सदस्यता गुमेको व्यक्तिले देहायबमोजिम आफ्नो सदस्यता पुनः नवीकरण गर्न सक्नेछ ।

क) सदस्यता नवीकरण गर्नुपर्ने मितीले एक वर्षभित्र सदस्यता शुल्क र लेबी तिरेमा :

ख) सदस्यता नवीकरण गर्नुपर्ने मिती एक वर्षभन्दा बढी भए जिल्ला समितिले तोकेको विधि र प्रक्रिया पुरा गरेमा ।

५. पार्टी सदस्यको अभिलेख अनुसूची-२ मा उल्लिखित ढाँचामा राख्नुपर्नेछ ।

**६. सदस्यताको पुनः प्राप्ति**

१. विधानको धारा-८ को उपधारा (५) बमोजिम अनुशासनको कारबाहीमा परेको व्यक्तिले देहायका शर्त पुरा गरेमा पुनः सदस्यता प्राप्त गर्न सक्नेछ :

क) लिखित आत्मालोचनासहित सम्बन्धित समितिमा निवेदन दिएमा,

ख) सम्बन्धित समिति वा माथिल्लो समितिले कुनै शर्त निर्धारण गरेको अवस्थामा त्यस्तो शर्त पूरा गरेमा,

ग) सदस्यता शुल्क र लेबी बुझाएमा ।

२. नेपाली नागरिकता परित्याग गरेको कारण सदस्यता समाप्त भएको व्यक्तिले पुनः नेपाली नागरिकता प्राप्त गरेमा निजले पुनः पार्टी सदस्यता प्राप्त गर्न सक्नेछ ।

**७. सदस्यता-पत्र तथा परिचय-पत्र**

१. सदस्यलाई सदस्यता-पत्र प्रदान गरिनेछ ।

२. सदस्यता-पत्र अनुसुची-३ बमोजिम हुनेछ ।

३. सबै तहका कमिटीका पदाधिकारी तथा सदस्यको परिचय-पत्र अनुसुची-४ बमोजिम हुनेछ ।

४. सदस्यता-पत्रको शुल्क रु. १००/-र परिचय-पत्रको शुल्क रु. १००/- हुनेछ ।

**८. सदस्यता स्थानान्तरण**

१. जिल्लाभित्र सदस्यको स्थानान्तरण जिल्ला समितिले र प्रदेशभित्र एक जिल्लाबाट अर्को जिल्लामा सदस्यको स्थानान्तरण प्रदेश समितिले गर्नेछ ।

२. एक प्रदेशबाट अर्को प्रदेशमा सदस्यको स्थानान्तरण केन्द्रीय संगठन विभागले गर्नेछ ।

३. सदस्यता स्थानान्तरणको सम्पुर्ण विवरण केन्द्रीय निकाएमा पठाउनुपर्नेछ ।

४. सदस्यता स्थानान्तरण-पत्र अनुसूची-५ बमोजिम हुनेछ

**९. अन्य पार्टीबाट समाहित भएका सदस्यको अभिलेख व्यवस्थापन**

१. विधानको धारा- ९ (१) बमोजिम अन्य पार्टी बाट राष्ट्रिय समाजिक पार्टी मा एकीकृत भएका वा प्रवेश गरेका पार्टी सदस्यहरुले अनुसूची- ६ बमोजिमको विवरण फारम भर्नुपर्नेछ ।
२. उपनियम (१) बमोजिमको पार्टी सदस्यको विवरण अभिलेखको लागि केन्द्रीय सङ्गठन निकाएमा पठाउनुपर्नेछ ।

## परिच्छेद-३

## महाधिवेशन र अधिवेशनमा प्रनिधित्व

---

### १०.महाधिवेशनमा प्रतिनिधित्व

१. बिधानको धारा-१३ (२) (ग) बमोजिम महाधिवेशन प्रतिनिधिको संख्या र छनोट प्रक्रिया केन्द्रीय समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

२. प्रतिनिधि चयनका लागि निर्वाचन गर्ने क्षेत्र निर्धारण गर्दा समान्यतया प्रतिनिधिसभाको निर्वाचन क्षेत्रलाई आधार बनाईनेछ । विशेष प्रदेश समितिको हकमा विशेष जिल्ला समितिको क्षेत्रलाई आधार बनाइनेछ । दलित प्रतिनिधि निर्वाचन गर्दादजिल्ला र श्रमिक प्रतिनिधि निर्वाचन गर्दा प्रदेशलाई आधार बनाइनेछ ।

३. उपनियम (२) मा उल्लेख गरिएको बाहेक अन्य प्रनिधित्वको आधार र संख्या केन्द्रीय समितिले निर्धारण गर्नेछ ।

४. कुल निर्वाचित प्रतिनिधिमा एक तिहाइ महिला सदस्य हुनेछन् ।

### ११. अधिवेशनमा प्रतिनिधित्व

१. प्रदेश अधिवेशन, जिल्ला अधिवेशन, पालिका अधिवेशनका लागि प्रतिनिधिको संख्या सम्बन्धित अधिवेशन आयोजना गर्ने समितिले निर्धारण गर्नेछ ।

२. प्रदेश र जिल्ल अधिवेशनका लागि प्रतिनिधि निर्वाचन गर्दा भौगोलिक क्षेत्र, दलित र श्रमिकको प्रतिनिधित्व हुने र निर्वाचित प्रतिनिधिमा एक तिहाइ महिला हुने व्यवस्था गर्नुपर्नेछ ।

३. पालिका अधिवेशनका लागि प्रतिनिधि चयन गर्दा वडाबाट प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्नेछ ।

४. वडा अधिवेशनमा सामान्यता सबै सदस्यहरु प्रतिनिधि हुनेछन् । तर सदस्य संख्या तीन सयभन्दा बढी भएमा सम्बन्धित समितिले टोल/प्रारम्भिक समितिबाट प्रतिनिधि निर्वाचित हुने व्यवस्था गर्न सक्नेछ ।

५. टोल/प्रारम्भिक अधिवेशनमा सबै सदस्य प्रतिनिधि हुनेछन् ।

## परिच्छेद-४

## कार्यविभाजन, कार्यलय सञ्चालन र प्रतिवेदन

### १२. कार्यविभाजन

१. प्रत्येक समितिले आफ्नो समितिका पदाधिकारी र सदस्यलाई परिभाषित जिम्मेवारी हुनेगरी कार्यविभाजन गर्नुपर्नेछ ।

२. कार्यविभाजन गर्दा भौगोलिक क्षेत्र, जनसंगठन र सरोकारवाला संगठनमा इन्चार्ज/सहइच्चार्ज र निकाएमा प्रमुख/उपप्रमुख तोकिनेछ । यसबाहेक सम्बन्धित समितिले पहिचान गरेको अन्य जिम्मेवारी दिन बाधा पर्नेछैन ।

३. इञ्चार्ज/सहइञ्चार्जले समितिको तर्फबाट आफ्नो कार्यक्षेत्रको राजनितिक ,संगठनात्मक काममा मार्गदर्शन गर्नेछन् । प्रदेश, जिल्ला र सो मातहतका समितिका साथै जनसंगठनहरुले पार्टीबाट तोकिएका इञ्च्चार्ज/सहइञ्च्चार्ज सँग समन्वय गरी काम गर्नेछन् ।

### १३. कार्यालय संचालन

१. केन्द्रीय निकायको कार्यालय केन्द्रीय समितिले निर्धारण गरेको स्थानमा हुनेछ । प्रदेश र स्थानीय समितिको कार्यालय सम्बन्धित समितिले निर्धारण गरेको स्थानमा हुनेछ ।

२. प्रदेश र स्थानीय तहका समितिले निर्णय कार्यान्वयन, दैनिक कार्यसञ्चालन र समितिको बैठकमा प्रस्तुत गरिने योजना तथा प्रस्ताव तयार गर्न आफ्नो समितिका पदाधिकारी र कार्यालय सचिव रहेको कार्यालय गठन गर्न सक्नेछन् ।

३.आ-आफ्नो कार्यालय सञ्चालन गर्न र कार्य सम्पादनका लागि आवश्यक गृहकार्य गर्ने केन्द्रीय आयोगले पदाधिकारीसहित बढीमा ७ सदस्यीय र केन्द्रीय सल्लाहाकार परिषद तथा केन्द्रीय ज्येष्ठ नागरिक मञ्चले पदाधिकारीसहित बढीमा २५ सदस्यीय सचिवालय गठन गर्न सक्नेछन् ।

प्रदेश र स्थानीय तहका सल्लाहकार परिषद् र ज्येष्ठ नागरिक मञ्चले बढीमा ११ सदस्यीय सचिवालय गठन गर्न सक्नेछन् ।

## १४. प्रतिवेदन

१. इञ्चार्ज/सहइञ्चार्ज र प्रमुख/उपप्रमुखले आफु सम्बन्धित कार्यक्षेत्रको अवस्था र कामको प्रतिवेदन आफ्नो समितिमा बुझाउनुपर्नेछ ।

२. सबै तहका समितिले एकतह माथिल्लो समितिलाई आफ्नो कार्यक्षेत्रको कार्ययोजना र कामको आवधिक समीक्षा प्रतिवेदन बुझाउनुपर्नेछ ।

३. विशेष  अभियानको प्रतिवेदन अभियान सकिएलगत्तै सम्बनधित समितिमा बुझाउनुपर्नेछ ।

# परिच्छेद-५

# विभागको गठन र संचालन

---

## १५. केन्द्रीय निकाएको गठन

१. विधानको धारा- १७ (२) र धारा- ९० बमोजिम के न्द्रीय समितिले आफ्नो मातहतमा देहायबमोजिमका विभागहरू गठन गर्नसक्नेछः

क) अर्थ तथा योजना निकाय

ख) उद्योग, बाणिज्य तथा आपर्ति निकाय

ग) उपभोक्ता हित संरक्षण तथा सुशासन निकाय

घ) ऊर्जा, जलस्रोत तथा सिँचाइ निकाय

ङ) कृषि तथा पशपुंक्षी विकास निकाय

च) कानून निकाय

छ) केन्द्रीय पुस्तकालय तथा अभिलेख निकाय

ज) खानेपानी तथा सरसफाइ निकाय

झ) निर्वाचन निकाय

ञ) पर्यटन तथा नागरिक उड्डयन निकाय

ट) परराष्ट्र मामिला निकाय

ठ) प्रचार प्रसार तथा प्रकाशन निकाय

ड) पार्टी स्कूल निकाय

ढ) भूमि व्यवस्था निकाय

ण) भौतिक पूर्वाधार तथा यातायात व्यवस्था निकाय

त) युवा तथा खेलकुद निकाय

थ) राष्ट्रिय हित तथा सुरक्षा निकाय

द) वन तथा वातावरण निकाय

ध) वित्त तथा कोष व्यवस्थापन निकाय

न) विपद व्यवस्थापन तथा स्वयम्सेवा निकाय

प) विज्ञान तथा प्रविधि निकाय

फ) शिक्षा तथा मानवस्रोत निकाय

ब) श्रम तथा रोजगार निकाय

भ) सङ्गठन निकाय

म) संसदिय निकाय

य) सङ्घीय मामला तथा सामान्य प्रशासन निकाय

र) सामाजिक सेवा निकाय

ल) समाजिक सुरक्षा तथा समाज कल्याण निकाय

व) सहकारी तथा गरिबी निवारण निकाय

श) सहरी विकास निकाय

ष) साहित्य, कला तथा संस्कृति निकाय

स) स्थानीय विकास निकाय

ह) स्वास्थ्य तथा जनसङ्ख्या निकाय

२. केन्द्रीय तहमा गठन हुने निकायमा प्रमख, उपप्रमुख र सचिवसहित बढीमा ३५ सदस्य हुनेछन्।

३. निकायका प्रमख, उप-प्रमुख, सचिव र सदस्यको मनोनयन केन्द्रीय समितिले गर्नेछ ।

४. महाधिवेशनबाट नयाँ केन्द्रीय समिति निर्वाचित भएपश्चात केन्द्रीय निकाएको कार्यकाल स्वतः समाप्त हुनेछ ।

५. निकायले मातहतका समिति तथा निकायहरूलाई सिधा निर्देशन दिने

वा परिचालन गर्ने छैनन्। मातहत मातहत वा निकायलाई निर्देशन वा

पत्राचार गर्नुपरेमा केन्द्रीय कार्यालयमार्फत गर्नुपर्नुर्नेछ ।

## १६. प्रदेश र स्थानीय तहमा निकाएको गठन

१. प्रदेश र स्थानीय समितिले आफ्नो तहमा विधानको धारा- ३२ (२),

३७ (२), ४२ (२), ४७ (२) र ९० बमोजिम देहायका निकाएहरू गठन गर्नसक्नेछन् :

क) निर्वाचन निकाय

ख) पार्टी स्कुल निकाय

ग) प्रचार तथा प्रकाशन निकाय

घ) वित्त तथा कोष व्यवस्थापन निकाय

ङ) सङ्गठन निकाय

च) स्थानीय विकास निकाय

छ) सहकारी तथा गरिबी निवारण निकाय।

ज) संसदीय निकाए प्रदेश तहमा पनि गठन हुनेछ । प्रदेश तहको संसदीय विभागले आ-आफ्नो प्रदेशमा संघीय तहको संसदीय निकाएका लागि परिभाषित अधिकार र कर्तव्य प्रयोग र पालना गर्नेछन्।

२. उपनियम (१) मा उल्लेख भएबाहेक अन्य विभागहरू गठन गर्नुपरेमा

एक तह माथिल्लो समितिको अनमुति लिनपुर्नेछ। निकायको अधिकार र कर्तव्य सम्बन्धित समितिले तोके बमोजिम हुनेछ।

३. प्रमुख, उपप्रमुख र सचिवसहित प्रदेश तहको निकायमा बढीमा १७, जिल्ला तहको निकायमा बढीमा ११ र सो मातहतमा बढीमा ७ सदस्य हुनेछन्।

४. अधिवेशनबाट नयाँ समिति निर्वाचित भएमा वा समिति विघटन भएमा विभागको कार्यकाल स्वतः समाप्त हुनेछ।

५. निकायले मातहत समिति र निकायलाई सिधा निर्देशन दिने वा परिचालन गर्ने छैनन्। मातहत समिति वा निकायलाई निर्देशन वा पत्राचार गर्नुपरेमा सम्बन्धित कार्यालयमार्फत गर्नुपर्नेछ।

## १७. निकायका अधिकार र कर्तव्य

निकायले सम्बन्धित समितिको अंगका रूपमा रही नीति एवम् योजना निर्माण र कार्यान्वयनमा सहयोग गर्नेछन्। निकायहरू गठन गर्ने पार्टी समितिप्रति उत्तरदायी हुनेछन र आफ्नो कामको योजना र प्रतिवेदन आफूसम्बन्धित समितिमा पेश गर्नेछन्। निकायका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन :

क) अर्थ तथा योजना निकाय

१. देशको आर्थिक अवस्थाको समीक्षा गर्ने, समष्टीगत तथा प्रदेशगत रूपमा अवलम्बन गर्नुपर्ने नीति र कार्यक्रमहरू बारे अध्ययन गर्ने र सभ्ुाव दिने।

२. सरकारको नीति तथा कार्यक्रम, बजेट एवम् प्रतिबद्धता र तिनको कार्यान्वयनका सम्बन्धमा समीक्षा गरी सभ्ुाव दिने।

३. सार्वजनिक संस्थानका सम्बन्धमा नीति प्रस्ताव तयार गरी पार्टीमा प्रस्तुत गर्ने।

४. नेपालले लिइरहेको वैदेशिक सहायताको प्रभाव मल्याङ्कन गर्ने र सुझाव प्रस्तुत गर्ने।

५. नेपालले अवलम्बन गरिरहेको मौद्रिक, बैङ्किङ तथा वित्तीय नीति एवम पुँजी बजारको मल्याङ्कन गरी लिनपुर्ने नीति र चाल्नुप्नुर्ने कदमका सम्बन्धमा प्रस्ताव प्रस्तुत गर्ने।

६. सम्बन्धित विषयका विज्ञहरूको अभिलेख राख्ने, उनीहरूसँग अन्तरक्रिया या तथा छलफल गर्ने र सभ्ुाव प्राप्त गर्ने।

७. समितिले तोकेको अन्य कार्य गर्ने।

ख) उद्योग, बाणिज्य तथा आपुर्ति निकाय

१. मुलुकको औधोगीकरणलाई अगाडि बढाउन र बाणिज्य तथा आपूर्ति क्षेत्रलाई प्रभावकारी बनाउन अध्ययन गर्ने र पार्टीले लिनपुर्ने नीतिहरूका सम्बन्धमा सुझाव दिने।

२. उद्योग-व्यवसाय, बाणिज्य तथा आपुर्तिका क्षेत्रमा रहेका समस्या समाधान सम्बन्धमा सुझाव दिने।

३. उद्योग तथा बाणिज्यसँग सम्बन्धित नीतिमा समयोचित परिमार्जन गर्न आवश्यक प्रस्ताव प्रस्तुत गर्ने।

४. खानी तथा खानीजन्य पदार्थको अन्वेषण, उत्खनन, प्रशोधन र प्रयोगका सम्बन्धमा अध्ययन गर्ने र अवलम्बन गर्नुपर्नुर्ने नीतिका सम्बन्धमा सझ्ुाव प्रस्तुत गर्ने।

५. सम्बन्धित विषयका विज्ञहरूको अभिलेख राख्ने, उनीहरूसँग अन्तरक्रिया तथा छलफल गर्ने र सझ्ुाव प्राप्त गर्ने।

६. समितिले तोके को अन्य कार्य गर्ने।

ग) उपभोक्ता हित संरक्षण र सुशासन निकाय

१. सुशासनको प्रत्याभूति गर्न र बस्तु तथा सेवाको गुणस्तर र मूल्यको विषयमा उपभोक्ताको हित संरक्षण गर्न अपनाउनुपर्ने नीतिका सम्बन्धमा अध्ययन गरी सुझाव पेश गर्ने।

२. उपभोक्ता हित संरक्षण र सुशासनका क्षेत्रमा देखिएका चुनौतीको समाधानको लागि आवश्यक सझ्ुाव दिने।

३. उपभोक्ता हित संरक्षणका क्षेत्रमा कार्यरत पार्टी कार्यकर्तालाई योग्य र सक्षम बनाउन प्रशिक्षण सामाग्री तयार गरी प्रस्तुत गर्ने।

४. सुशासन तथा उपभोक्ताको हित प्रतिकूल भइरहेका क्रियाकलापविरुद्ध जनचेतना अभिबद्धि गर्ने।

५. सम्बन्धित विषयका विज्ञहरूको अभिलेख राख्ने, उनीहरूसँग अन्तरक्रिया तथा छलफल गर्ने र सझ्ुाव प्राप्त गर्ने।

६. समितिले तोके को अन्य कार्य गर्ने।

घ) ऊर्जा, जलस्रोत तथा सिँचाइ निकाय

१. उर्जा, जलस्रोत र सिँचाइका सम्बन्धमा सरकारले लिएका नीति तथा काननुहरूको अध्ययन गरी तिनलाई समयानकूल परिमार्जन गर्नसझ्ुाव दिने।

२. मुलुकको ऊर्जा, जलस्रोत र सिँचाइको अवस्था एवं त्यसक्षेत्रका समस्याको अध्ययन गरी तिनको समाधानका उपायबारे प्रतिवेदन प्रस्तुत गर्ने।

३. ऊर्जा जलस्रोत, सिँचाइसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय काननुहरूको अध्ययन गरी पार्टीले लिनपुर्ने नीतिका बारेमा सझुाव दिने।

४. ऊर्जा क्षेत्रका समस्या समाधान गर्न चाल्नुपर्ने कदमबारे अध्ययन गरी राय-सझुाव प्रस्तुत गर्ने।

५. सम्बन्धित विषयका विज्ञहरूको अभिलेख राख्ने, उनीहरूसँग अन्तरक्रिया तथा छलफल गर्ने र सझुाव प्राप्त गर्ने।

६. समितिले तोके को अन्य कार्य गर्ने।

ङ) कृषि तथा पुशपंक्षी विकास निकाय

१. कृषिको व्यावसायीकरण, आधुनिकीकरण एवम् कृषि उत्पादन बद्धि गर्ने विषयमा सझुाव दिने।

२. नेपाललाई खाद्यान्न, फलफूल, तरकारी र पशुपंक्षी आयात गर्ने अवस्थाबाट निर्यात गर्ने अवस्थामा पुर्‍याउन आवश्यक सझुाव दिने।

३. कृषि तथा पशुपंक्षी क्षेत्रमा गर्नुपर्ने नीतिगत, कानुनी र संरचनागत क्षेत्रमा गर्नुपर्ने कामका सम्बन्धमा सुझाव दिने।

४. कृषि क्षेत्रका समस्या तथा समाधानका उपायहरूका सम्बन्धमा अध्ययन गरी पार्टी नीतिमा समयोचित परिमार्जन गर्न सुझाव प्रस्तुत गर्ने।

५. सम्बन्धित विषयका विज्ञहरूको अभिलेख राख्ने, उनीहरूसँग अन्तरक्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने।

६. समितिले तोके को अन्य कार्य गर्ने।

च) कानुन निकाय

१. देशको संविधान र कानुनहरूको कार्यान्वयनको अवस्थाबारे अध्ययन गरी सुझाव दिने।

२. विद्यमान कानुन वा संसदमा पेश भएको विधेयकमा संशोधन गर्ने वा नयाँ कानुन निर्माण गर्ने वा खारेज गर्ने सम्बन्धमा सुझावदिने।

३. सम्बन्धित पार्टी समितिलाई आवश्यक कानुनी परामर्शदिने र कानुनसम्बन्धी सामग्रीहरू तयार पार्ने।

४. पार्टीसँग सम्बन्धित र पार्टीले तोकेका मुद्दा-मामिलाहरूको सन्दर्भमा आवश्यक सहयोग गर्ने।

५. राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वका कानुनी विषयहरूमा सम्बन्धित क्षेत्रका विज्ञहरूसँग छलफल वा विचार विमर्श गरी प्राप्त निष्कर्षहरू प्रस्तुत गर्ने।

६. कानन र न्याय क्षेत्रसँग सम्बन्धित विभिन्न सङ्घ-संस्थाहरू र विशेषज्ञको अभिलेख राख्ने । कानुनी राज्यको विकासका लागि उनीहरूको सहयोग तथा सझाव प्राप्त गर्ने।

७. समितिले तोके को अन्य कार्य गर्ने।

छ) पुस्तकालय तथा अभिलेख विभाग

१. पाटीको पुस्तकालयलाई आधुनिक तथा वैज्ञानिक ढङ्गले व्यवस्थापन गर्ने र विद्युतीय पुस्तकालयको स्तरमा विकास गर्ने।

२. पार्टीसँग सम्बन्धित दस्तावेज, पुस्तक तथा अभिलेखहरू सङ्कलन गर्ने। उपलब्ध पस्तक, बुलेटिन तथा पत्रपत्रिकालाई स्तरअनरूप वर्गीकरण गरी सुचीकृत गर्ने।

३. दर्शन, राजनीति, इतिहास, साहित्य, समाजशास्त्र, विज्ञान तथा प्रविधिलगायत विभिन्न विधाका सामाग्रीहरू सङ्कलन, वर्गीकरण र सुचीकरण गर्ने।

४. पार्टीका अभिलेख सङ्कलन तथा व्यवस्थापन गर्ने।

५. पार्टी स्कुल निकायका लागि निर्धारण गरिएका पाठ्यक्रम तथा पाठ्यपुस्तक संकलन गर्ने।

६. अन्तर्वार्ता, संवाद र कुराकानीका माध्यमबाट पार्टीका अग्रज व्यक्तित्वहरूसँगको अनुभव तथा आन्दोलनको इतिहासको श्रव्य-दृष्यको अभिलेख राख्ने ।

७. समितिले तोकेको अन्य कार्य गर्ने।

ज) खानेपानी तथा सरसफाइ निकाय

१. खानेपानी तथा सरसफाइको सम्बन्धमा समग्र अवस्थाको अध्ययन गरी सुझाव दिने।

२. मुलुकको खानेपानीतथा सरसफाइको अवस्था र त्यस क्षेत्रका समस्या एवं समाधानका उपायबारे अध्ययन गरी सभ्फाव प्रस्तुत गर्ने।

३. खानेपानी तथा सरसफाइसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव संकलन गर्ने।

४. सवै नेपालीको घरमा शुद्ध र पर्याप्त खानेपानीको प्रबन्ध गर्न, फोहोर व्यवस्था गर्न, फोहोरको पुनः प्रयोग गरी आम्दानीको स्रोतको रूपमा विकास गर्न अवलम्बन गर्नुपर्ने नीतिगत, काननी तथा संरचनागत व्यवस्थाका सम्बन्धमा सभ्फाव दिने।

५. सम्बन्धित विषयका विज्ञहरूको अभिलेख राख्ने, उनीहरूसँग अन्तरक्रिया तथा छलफल गर्ने र सभ्फाव प्राप्त गर्ने।

६. समितिले तोके को अन्य कार्य गर्ने।

झ) निर्वाचन आयोग

१. पार्टीको तर्फबाट सङ्घ, प्रदेश र स्थानीय तहको निर्वाचन तथा उपनिर्वाचनसँग सम्बन्धित विषयमा निर्वाचन आयोग तथा अन्य सरकारी निकायहरूसँग सम्पर्क र समन्वय गर्ने।

२. निर्वाचन क्षेत्र निर्धारण र निर्वाचन प्रणालीमा गर्नुपर्ने कानुनी, संरचनात्मक तथा व्यावहारिक सुधारका बारेमा अध्ययन गरी सुझाव दिने।

३. निर्वाचनमा पार्टीले उठाउने उम्मेदवारहरूका लागि मापदण्ड तयार गरी सभ्फाव पेस गर्ने।

४. निर्वाचनमा पार्टीले अवलम्बन गर्नुपर्नुर्ने नीतिका सम्बन्धमा सुझाव दिने।

५. निर्वाचनसम्बन्धी विज्ञ-विशेषज्ञहरूको अभिलेख राख्ने । निर्वाचन प्रणालीमा सधार गर्न र निर्वाचनलाई निष्पक्ष, धाँधलीरहित र विश्वसनीय बनाउन सुझाव तथा सहयोग प्राप्त गर्ने।

६. समितिले तोकेको अन्य कार्य गर्ने।

ञ) पर्यटन तथा नागरिक उड्डयन निकाय

१. पर्यटन तथा नागरिक उड्डयन क्षेत्रको समग्र अवस्था र यस क्षेत्रको विकासको लागि सभ्फाव प्रस्तुत गर्ने।

२. नागरिक उड्डयन क्षेत्रको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवको संकलन गर्ने, संरक्षित नागरिक उड्डयनको प्रत्याभुति को लागि आवश्यक सझाव पेश गर्ने।

३. पर्यटन प्रवर्द्धनका क्षेत्रमा उत्पन्न चुनौतीको अध्ययन गरी पार्टीले लिनपुर्ने नीतिसम्बन्धमा सुझाव दिने।

४. पर्यटन प्रवर्द्धनका सम्भावनाहरू पहिचान गर्ने र पर्यटन क्षेत्रलाई राष्ट्रिय विकासको महत्वपुर्ण अंगको रूपमा ं विकास गर्न सुझाव दिने।

५. पर्यटन तथा नागरिक उड्डयन क्षेत्रको विकासका अन्तराष्ट्रिय अनभु वहरूको अध्ययन गर्ने। यस क्षेत्रमा नीतिगत, काननी तथा संरचनागत क्षेत्रमा गर्नुपर्नुर्ने सुधारका सम्बन्धमा सुझाव दिने।

६. सम्बन्धित विषयका विज्ञहरूको अभिलेख राख्ने, उनीहरूसँग अन्तरक्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने।

७. समितिले तोके को अन्य कार्य गर्ने।

ट) परराष्ट्र मामिला निकाय

१. पार्टी र मलुकले अवलम्बन गर्नुर्ने परराष्ट्र नीतिका सम्बन्धमा अध्ययन गरी सुझाव प्रस्तुत गर्ने।

२. विभिन्न मलुकका श्रमिक तथा अन्य पार्टीका बारेमा जानकारी लिने, अभिलेख राख्ने र उनीहरूसँग सम्बन्ध विकास गर्न पहल गर्ने। उनीहरूसँग प्रकाशन, अनभुव र विचारको आदान-प्रदान गर्ने।

३. विश्वमा भएका महत्वपर्ण राजनीतिक घटनाहरूका बारेमा अध्ययन तथा विश्लेषण गरी सुझाव पेस गर्ने।

४. अन्तराष्ट्रिय कार्यक्रमहरूमा पार्टीको सहभागिताका लागि नाम सिफारिस गर्ने। पार्टीको तर्फबाट हुने भ्रमणलाई अधिकतम उपयोगी बनाउने। विदेश भ्रमणमा जानेहरूबाट लिखित प्रतिवेदन प्राप्त गर्ने र अभिलेख राख्ने ।

५. पार्टीको अंग्रेजी मुखपत्र न्यु एरा लगायत पार्टीका दस्तावेज तथा प्रकाशनहरू र हाम्रो देश तथा पार्टीका बारेमा जानकारी गराउने सामाग्रीहरू विदेशी भाषामा प्रकाशित गर्ने।

६. सम्बन्धित विषयका विज्ञहरूको अभिलेख राख्ने, उनीहरूसँग अन्तरक्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने।

७. समितिले तोकेको अन्य कार्य गर्ने।

ठ) प्रचार प्रसार तथा प्रकाशन निकाय

१. पार्टीका सिद्धान्त, कार्यक्रम, नीति र निर्णयहरू जनतामा स्थापित गर्न प्रचार-प्रसार गर्ने र पार्टीका पक्षमा जनमत सिर्जना गर्ने।

२. पार्टीको मुखपत्र- नवयुग, वेवसाइटलगायत विद्युतीय सञ्चारमाध्यम सम्पादन, प्रकाशन तथा सञ्चालन गर्ने। आवश्यकतानसुार अन्य प्रचार-प्रसार सामग्री तयार गर्ने।

३. सञ्चारमाध्यम तथा सञ्चारकर्मीहरूसँग नियमित भटेघाट र अन्तरक्रिया गर्ने। सञ्चारकर्मीहरूलाई सक्षम बनाउने र उनीहरूलाई पार्टीको नीति तथा विचारको प्रचार-प्रसारमा परिचालन गर्ने।

४ स्वदेशी तथा विदेशी सञ्चारमाध्यम र संस्थाहरूसँग नियमित सम्बन्ध-सम्पर्क कायम गर्ने।

५. सुचना प्रविधिको क्षेत्रमा भइरहेको कामको मल्याङ्कन गर्ने र यस क्षेत्रको विकास तथा विस्तारको लागि अवलम्बन गर्नुपर्ने नीति, विधि र संरचनाका सम्बन्धमा सुझाव दिने।

६. सम्बन्धित विषयका विज्ञहरूको अभिलेख राख्ने, उनीहरूसँग अन्तरक्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने।

७. समितिले तोकेको अन्य कार्य गर्ने।

ड) पार्टी स्कुल निकाय

१. पार्टीका सिद्धान्त, कार्यक्रम र नीतिमा आधारित नियमित वा आवधिक पार्टी स्कुल सञ्चालन गर्ने। त्यसका निम्ति कार्ययोजना तयार गरी समिति समक्ष प्रस्तुत गर्ने।

२. पार्टी स्कुलका लागि आवश्यक पर्ने पाठ्यक्रम र पाठ्यसामग्री तयार गर्ने र समितिको स्वीकृतिमा प्रकाशन गर्ने।

३. पार्टी स्कुलका निम्ति आवश्यक प्रशिक्षक तथा विशेषज्ञहरू तयार गर्ने।

४. पार्टी सदस्यको सैद्धान्तिक-वैचारिक स्तर उठाउन आवश्यक योजना निर्माण र कार्यान्वयन गर्ने। पार्टीमा एकीकृत भएका वा नयाँ प्रवेश गरेका सदस्यहरूलाई प्रशिक्षणको व्यवस्था गर्ने।

५. प्रशिक्षण कार्यक्रमको मल्याङ्कन गर्ने, प्रशिक्षार्थीहरूको परीक्षा लिने तथा प्रमाणपत्र दिने र सोको अभिलेख राख्ने ।

६. स्वदेश तथा विदेशका पार्टी स्कुलहरूसँग अनुभव आदान-प्रदान गर्ने।

७. समितिले तोके को अन्य कार्य गर्ने।

ढ) भुमिव्यवस्था निकाय

१. वैज्ञानिक भमिसूधार, भु-उपयोग, भू-स्वामित्व एवम् भुमि-अधिकारसम्बन्धी नीति तथा भुमिसँग सम्बन्धित समस्या समाधानका लागि सुझाव प्रस्तुत गर्ने।

२. नेपालको अन्तराष्ट्रिय सिमाना तथा सीमा सुरक्षाका सम्बन्धमा अध्ययन गरी सुझाव दिने।

३. सकुम्बासी र भुमिहीनलाई भुस्वामित्व दिलाउन, आवासको प्रबन्ध गर्न वा रोजगारीको माध्यमबाट उनीहरूका समस्या समाधान गर्न आवश्यक पर्ने नीतिगत, कानुनी तथा संरचनागत प्रबन्धका लागि सझुाव दिने।

४. अन्तराष्ट्रिय सिमाना तथा भमी विषयका विज्ञहरूको अभिलेख राख्ने, उनीहरूसँग अन्तरक्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने।

५. समितिले तोकेको अन्य कार्य गर्ने।

ण) भौतिक पुर्वाधार तथा यातायात व्यवस्था निकाय

१. भौतिक पुर्वाधार तथा यातायात क्षेत्रको समग्र अवस्थाको अध्ययन गर्ने र सो क्षेत्रको विकास तथा विस्तारका लागि सुझाव दिने।

२. यातायात क्षेत्रका समस्या र चनौ तीहरूको अध्ययन गरी पार्टीले लिनुपर्ने नीति सम्बन्धमा प्रतिवेदन प्रस्तुत गर्ने।

३. भौतिक पुर्वाधार विकासका निम्ति क्षेत्रगत एवं विषयगत नीतिहरू तयार पार्न पार्टीमा सुझाव प्रस्तुत गर्ने।

४. भौतिक पुर्वाधारको विकास र यातायातसँग सम्बन्धित नवीन प्रविधि र प्रयोगको अध्ययन गरी मुलुक सुहाउँदो प्रविधि प्रवर्द्धन गर्न सुझाव प्रस्तुत गर्ने।

५. भौतिक पुर्वाधार तथा यातायातसँग सम्बन्धित विशेषज्ञहरूको अभिलेख तयार गर्ने, उनीहरूसँग अन्तरक्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने।

६. समितिले तोकेको अन्य कार्य गर्ने।

त) युवा तथा खेलकुद निकाय

१. युवाशक्तिको समग्र अवस्थाको अध्ययन गर्ने र उनीहरूलाई योग्य तथा सक्षम बनाउन सुझाव दिने।

२. युवाका बारेमा मौजुदा ऐन, कानुन र संरचनालाई समयानकूल अद्यावधिक गर्न सुझाव दिने।

३. खेलकुदको विकास तथा विस्तार गर्न, खेलाडीलाई आत्मनिर्भर बनाउन र खेलकुदलाई अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धी बनाउन आवश्यक नीति तथा योजना प्रस्ताव गर्ने।

४. बेरोजगार युवालाई उत्पादन कार्यमा सहभागी गराउन नीति तथा योजना प्रस्ताव गर्ने र कार्यान्वयनका लागि सुझाव दिने।

५. युवाका बीचमा पार्टीलाई स्थापित गराउन अवलम्बन गर्नुपर्ने नीति तथा योजनाका सम्बन्धमा सुझाव दिने।

६. युवा र खेलकुद क्षेत्रसँग सम्बन्धित विशेषज्ञहरूको अभिलेख तयार गर्ने, उनीहरूसँग अन्तरक्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने।

७. समितिले तोकेको अन्य कार्य गर्ने।

थ) राष्ट्रिय हित तथा सुरक्षा निकाय

१. पार्टीले लिनपुर्ने राष्ट्रिय हित र सुरक्षा नीतिका सम्बन्धमा अध्ययन गरी सुझाव प्रस्तुत गर्ने।

२. राष्ट्रिय सुरक्षाको क्षेत्रमा विद्यमान समस्या र चुनौतीको अध्ययन गरी समाधानको उपायका सम्बन्धमा सुझाव दिने।

३. राष्ट्रिय सुरक्षा नीतिका सम्बन्धमा अन्तराष्ट्रिय अनुभवको अध्ययन गर्ने। राष्ट्रिय सुरक्षा नीतिलाई समयानकूल विकास गर्न सुझाव दिने।

४. राष्ट्रिय सुरक्षामा प्रतिकूल प्रभाव पार्न सक्ने विषयका बारेमा अध्ययन गरी पार्टीलाई सुझाव दिने।

५. राष्ट्रिय सुरक्षा विज्ञहरूको अभिलेख तयार गर्ने, उनीहरूसँग अन्तरक्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने।

६. समितिले तोकेको अन्य कार्य गर्ने।

द) वन तथा वातावरण निकाय

१. मुलुकको वनजङ्गल, जैविक विविधता र वातावरणीय अवस्थाको अध्ययन गर्ने। त्यस क्षेत्रका समस्या समाधानका लागि सुझाव प्रस्तुत गर्ने।

२. वनजङ्गल, जैविक विविधता र वातावरणको क्षेत्रमा विद्यमान नीतिगत, कानुनी तथा संरचनागत अवस्थाको अध्ययन गर्ने र समयानकूल परिमार्जन गर्न सुझाव दिने।

३. औद्योगिकीकरण एवम् ठूला आयोजना निर्माण र वातावरण संरक्षणका बीचमा सन्तुलन कायम राख्न लिनुपर्ने नीतिका सम्बन्धमा सुझाव दिने।

४. वातावरणलाई प्रतिकूल असर पार्ने वस्तुहरूको उत्पादन तथा उपभोग, औद्योगिक प्रदुषण र हानिकारक रासायनिक फोहोरको व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा सुझाव दिने।

५. वातावरण संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको अध्ययन गरी सुझाव दिने।

६. वनजङ्गल, जैविक विविधता र वातावरणको क्षेत्रमा कार्यरत विज्ञहरूको अभिलेख तयार गर्ने, उनीहरूसँग अन्तरक्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने। यस क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घसंस्थाहरूसँग सम्पर्क र समन्वय गर्ने।

७. समितिले तोकेको अन्य कार्य गर्ने।

ध) वित्त तथा कोष व्यवस्थापन निकाय

१. पार्टीको आर्थिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने। पार्टीको कोषलाई मितव्यापी ढङ्गले परिचालन गर्ने।

२. पार्टीको आर्थिक अवस्था सुदृढ गर्न कार्ययोजना र बार्षिक बजेट तयार गरी समितिसमक्ष प्रस्तुत गर्ने।

३. समितिको आय-व्यय नियमित रूपमा बैङ्किङ प्रणालीमार्फत गर्ने र गर्न लगाउने।

४. दोहोरो लेखाप्रणालीअन्तर्गत लेखा राख्ने र आन्तरिक लेखापरीक्षण गर्ने। लेखापरीक्षणबाट देखिएका बेरुजहुरू फछ्र्यौट गर्न लगाउने।

५. केन्द्रीय समितिसमक्ष आर्थिक विनियम प्रस्तुत गर्ने र पारित भएपछि प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

६. विभाग प्रमखले दैनिक आर्थिक कार्यसम्पादन गर्ने। उक्त कार्य प्रमखको अनुपस्थितिमा विभागले तोके को व्यक्तिले गर्ने।

७. समितिले तोके को अन्य कार्य गर्ने।

न) विपद व्यवस्थापन तथा स्वयंसेवा निकाय

१. भुकम्प, बाढी-पहिरो, आगजनी, महामारीजस्ता प्राकृतिक तथा मानवीय विपत्तिको समयमा जनताको हितमा पार्टीपंक्ति परिचालन गर्न सुझाव प्रस्तुत गर्ने।

२. पार्टीभित्र स्वयं सेवाको भावना विकास गर्न र पार्टी समिति तथा जनसंगठनमार्फत राहत, उद्धार र स्वयम्सेवाका कार्यक्रम संचालन गर्न आवश्यक पर्ने नीतिगत तथा संरचनागत प्रबन्धका सम्बन्धमा सुझाव दिने।

३. विपद् व्यवस्थापनसम्बन्धी राज्यका निकायले गरेका कामको अनुगमन गर्ने र सुधारको लागि पहल गर्ने।

४. उद्धार, राहत र पनःस्थापना सम्बन्धमा पार्टीपंक्तिलाई प्रशिक्षित गर्न सुझाव दिने।

५. स्वयंसेवी संस्था तथा व्यक्तिसँग सम्पर्क, समन्वय र सहकार्य गर्ने। उनीहरूबाट उद्धार, राहत र पनःस्थापनाको कार्यमा सहयोग प्राप्त गर्ने।

६. सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको अभिलेख तयार गर्ने, अन्तरक्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने।

७. समितिले तोकेको अन्य कार्य गर्ने।

प) विज्ञान तथा प्रविधि निकाय

१. विज्ञान तथा प्रविधिको विकासका लागि पार्टीले लिनुपर्ने नीतिका सम्बन्धमा सुझाव दिने।

२. विज्ञान तथा प्रविधि क्षेत्रका समस्या र चुनौतीको अध्ययन गरी पार्टीलाई सुझाव दिने।

३. विज्ञान तथा प्रविधिको विकासका माध्यमबाट उत्पादकत्व बृद्धि , श्रमको सरलीकरण तथा परम्परागत प्रविधि तथा सीपको आधुनिकीकरणका लागि अध्ययन गरी प्रतिवेदन प्रस्तुत गर्ने।

४. विज्ञान तथा प्रविधिसम्बन्धी मौजदा ऐन, कानुन र संरचनाका सम्बन्धमा अध्ययन गर्ने र त्यसलाई समयानकूल अद्यावधिक गर्न सुझाव दिने।

५. वैज्ञानिक अध्ययन, अन्वेषण र अनसन्धानका क्षेत्रका प्रतिभाहरूलाई राज्य र पार्टीका तर्फबाट प्रोत्साहित गर्न सुझाव दिने।

६. विज्ञान तथा प्रविधिसम्बन्धी विषय विज्ञहरूको अभिलेख तयार गर्ने, उनीहरूसँग अन्तरक्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने।

७. समितिले तोकेको अन्य कार्य गर्ने।

फ) शिक्षा तथा मानवस्रोत निकाय

१. मौलिक हकको रूपमा रहेको शिक्षाको कार्यान्वयन अवस्थाका बारेमा अध्ययन गर्ने र प्रभावकारी कार्यान्वयनका लागि सुझाव दिने।

२. वर्तमान शिक्षा नीतिको अध्ययन गरी वैज्ञानिक तथा जीवनोपयोगी शिक्षा नीति विकास गर्न सुझाव दिने।

३. शैक्षिक क्षेत्रका समस्याको अध्ययन गर्ने र समाधानका लागि सझ्ुाव दिने। शैक्षिक जनशक्ति निर्माण गर्न नीति तथा योजना प्रस्ताव गर्ने। प्राविधिक जनशक्ति उत्पादनका निम्ति लिनपुर्ने नीतिका सम्बन्धमा सुझाव दिने।

४. मुलुकमा सञ्चालित विश्वविद्यालय र नयाँ खोलिने विश्वविद्यालयका लागि लिनुपर्ने नीतिका सम्बन्धमा अध्ययन गरी राय-सुझाव प्रस्तुत गर्ने।

५. शिक्षा क्षेत्रमा विद्यमान नीतिगत, काननी र संरचनागत क्षेत्रमा समयानकूल परिमार्जन गर्नसझ्ुाव दिने। शिक्षामा निजी क्षेत्रको लगानीको प्रभाव मल्यांकन गर्ने र सार्वजनिक क्षेत्रमा राज्यको लगानी अभिबृद्धि गर्न सुझाव दिने।

६. शिक्षा क्षेत्रसँग सम्बन्धित विशेषज्ञहरूको अभिलेख तयार गर्ने, अन्तरक्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने।

७. समितिले तोकेको अन्य कार्य गर्ने।

ब) श्रम तथा रोजगार निकाय

१. मुलुकमा विद्यमान श्रम, श्रमसम्बन्धि, रोजगारी र सामाजिक सुरक्षाको समग्र अवस्थाको अध्ययन गरी प्रतिवेदन प्रस्तुत गर्ने।

२. श्रम, रोजगार तथा सामाजिक सुरक्षासँग सम्बन्धित समस्या पहिचान गरी समाधानका लागि नीतिगत, काननी र संरचनागत क्षेत्रमा समयानकूल परिमार्जन गर्न सुझाव दिने।

३ रोजगारीका क्षेत्रहरूको पहिचान गर्दै रोजगारी बृद्धिका उपायहरूबारे सुझाव प्रस्तुत गर्ने।

४. वैदेशिक रोजगारीलाई व्यवस्थित, मर्यादित, सुरक्षित र परिणाम मुखी बनाउन गर्नुर्ने कामका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन दिने।

५. परिवर्तित अवस्थामा ट्रेड युनियन आन्दोलनका अभिभाराका सम्बन्धमा अध्ययन गर्ने र यसको कार्यप्रणालीमा सुधार गर्न आवश्यक सुझाव दिने।

६. सम्बन्धित विशेषज्ञहरूको अभिलेख तयार गर्ने, अन्तरक्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने।

७. समितिले तोकेको अन्य कार्य गर्ने।

भ) सङ्गठन निकाय

१. पार्टीका सबै तहका समिति, सदस्य र मानार्थ सदस्यको अभिलेख राख्ने, प्रमाणित गर्ने र आवश्यकता अनसुार पार्टी सदस्यता स्थानान्तरण गर्ने।

२. पार्टी सदस्य र सबै तहका समिति, आयोग, निकाय, विभागका पदाधिकारी तथा सदस्यको नाम थर, विवाहित भए दम्पत्तिको नाम, स्थायी ठेगाना, अस्थायी ठेगाना, आमाको नाम, बाबको नाम, जन्म मिति, नागरिकता प्रमाणपत्र नम्बर, नागरिकता प्रमाणपत्र जारी भएको जिल्ला, लिङ्ग, जाति/समुदाय, पेसा, वर्ग, शैक्षिक योग्यताको अभिलेख तयार गर्ने र नियमित रूपमा अद्यावधिक गर्ने।

३. पार्टीले लिनपुर्ने संगठनात्मक नीतिका सम्बन्धमा प्रस्ताव पेश गर्ने।

४. पार्टीको विधान तथा नियमावलीमा संशोधन वा व्याख्या गर्नुपरेमा वा त्यसको प्रयोगका क्रममा बाधा अड्काउ फुकाउनपरेमा केन्द्रीय समितिसमक्ष प्रस्ताव प्रस्तुत गर्ने।

५. पार्टीको नियमावली, निर्देशिका, विनियम र आचारसंहिता निर्माण वा संशोधन सम्बन्धमा प्रस्ताव तयार गर्ने र केन्द्रीय समितिसमक्ष प्रस्तुत गर्ने।

६. पार्टीका सबै तहका समिति र विभागहरूमा निर्वाचित र मनोनित पदाधिकारी र सदस्यहरूको योग्यता र मापदण्ड विधान, नियमावली तथा राजनीतिक दलसम्बन्धी कानन अनूसुार भए- नभएको छानबिन गरी केन्द्रीय समितिसमक्ष प्रस्तुत गर्ने।

७. मातहतका समितिहरूको संगठनात्मक अवस्थाका बारेमा जानकारी लिन र संगठनात्मकक्षेत्रका समस्या समाधान गर्नका लागि राय सुझाव दिन कुनै पनि समितिको बैठकमा विभागको तर्फबाट भाग लिनसक्ने।

८ पार्टीद्वारा प्रत्यक्ष संचालित जनवर्गीय तथा सामदायिक संगठन र सरोकारवाला संगठनहरूको अनुगमन, निरीक्षण र मल्यांकन गरी सम्बन्धित संगठन तथा तिनका पदाधिकारीहरूलाई सुझाव दिने।

९. विधान, नियमावली र संगठनात्मक प्रस्तावको प्रभावकारी कार्यान्वयन र तदनरूप पार्टी निर्माण तथा परिचालनका लागि प्रशिक्षण गर्ने।

१०. समितिले तोकेको अन्य कार्य गर्ने।

म) संसदीय निकाय

१. सङ्घीय संसदीय दललाई पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिअनरूप सञ्चालन गर्नसहयोग पुर्‍याउने।

२. सङ्घ, प्रदेश र स्थानीय सरकारहरूबीचको आपसी सम्बन्ध समधुर र जनमैत्री बनाउन लिनुपर्ने नीति र चाल्नुपर्ने कदमहरूबारे पार्टीलाई सझुाव दिने। सङ्घीय संसदीय दल र संसद्तथा सरकारबीच सम्पर्क तथा समन्वय गर्ने।

३. दलका नेताको परामर्शमा दलका सदस्यहरूलाई संसदका समिति तथा कार्यदलहरूमा र विदेशी प्रतिनिधिमण्डल तथा कार्यक्रमहरूमा सहभागी गराउन सिफारिस गर्ने।

४. दलको भमिूकालाई प्रभावकारी बनाउन आवश्यक योजना निर्माण गर्ने र दलका सदस्यहरूको क्षमता अभिबद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने। दलको काम र भमिूकाको सम्बन्धमा आवधिक रूपमा समीक्षा प्रतिवेदन तयार गरी केन्द्रीय समितिसमक्ष प्रस्तुत गर्ने।

५. संसदीय दलको विधान संशोधनका लागि प्रस्ताव तयार गर्ने र दलद्वारा पारित विधान अनमोदनका लागि केन्द्रीय समितिसमक्ष प्रस्तुत गर्ने। दलको विधानको कार्यान्वयनमा कुनै

बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउन केन्द्रीय समितिमा सभ्फाव प्रस्तुत गर्ने।

६. सम्बन्धित विशेषज्ञहरूको अभिलेख तयार गर्ने, अन्तरक्रिया तथा छलफल गर्ने र सुभ्फाव तथा सहयोग प्राप्त गर्ने।

७. समितिले तोकेको अन्य कार्य गर्ने।

य) सङ्घीय मामिला तथा सामान्य प्रशासन निकाय

१. सङ्घीय मामिला तथा सामान्य प्रशासन क्षेत्रका समग्र कामको मल्यांकन गरी सङ्घीयताको मर्मअनरूप शासन संचालन र राज्यका निकायहरूबाट सेवाग्राही मैत्री सेवाप्रवाह हुनेगरी सामान्य प्रशासन संचालनको लागि नीतिगत सुभ्फाव दिने।

२. संघ र प्रदेश तथा प्रदेश र प्रदेशबीचमा उत्पन्न समस्या समाधान गर्न आवश्यक नीतिगत, कानुनी तथा संरचनाको विकास गर्न सुभ्फाव दिने।

३. नेपालको निजामती सेवालाई प्रभावकारी बनाउन र जनताको सेवामा अधिकतम परिचालन गर्न आवश्यक सभ्फाव दिने।

४. सङ्घीय मामिला तथा सामान्य प्रशासन संचालनसम्बन्धी ऐन कानुन र संरचनाहरूलाई समयानकूल अद्यावधिक गर्ने सम्बन्धमा सुभ्फाव दिने।

५. सेवाग्राहीहरूले सहज ढङ्गले सेवा प्राप्त गर्ने कुराको सुनिश्चितता गर्न तदअनुरूपको निजामती तथा सार्वजनिक सेवा संचालन गर्न/गराउन सुभ्फाव दिने।

६. सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको अभिलेख तयार गर्ने, अन्तरक्रिया तथा छलफल गर्ने र सुभ्फाव प्राप्त गर्ने।

७. समितिले तोकेको अन्य कार्य गर्ने।

र) सामाजिक सेवा निकाय

१. नेपालभित्र क्रियाशील रहेका राष्ट्रिय, अन्तरराष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्थाहरूको कामको समग्र मूल्यांकन गर्र्ने र उनीहरूलाई राष्ट्रिय विकासमा एकीकृत गर्न आवश्यक सुभ्फाव दिने।

२. नेपालमा गैरसरकारी संस्थाहरूको उपस्थिति, भमिूका र सम्भाव्यताबारे अध्ययन गर्ने। गैरसरकारी संस्था र सामाजिक क्षेत्रसँग सम्बन्धित विषयमा राष्ट्रहीत र जनहीतअनकूल नीति निर्माण गर्न, कानन बनाउन र संरचनाको विकास गर्न आवश्यक सभ्ुाव पेस गर्ने।

३. मानव अधिकारका विश्वव्यापी मान्यताहरू र तिनको कार्यान्वयनसम्बन्धी अवस्थाको अध्ययन गरी सुझाव दिने।

४. सामाजिक विकास सम्बन्धि समग्र अवधारणा तयार गरी पार्टीलाई सुझाव दिने।

५. सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको अभिलेख तयार गर्ने, अन्तरक्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने।

६. समितिले तोके को अन्य कार्य गर्ने।

ल) सामाजिक सुरक्षा तथा समाजकल्याण निकाय

१. सामाजिक सुरक्षा सम्बन्धि राज्यका नीतिहरुको अध्ययन गर्ने र समयानकुल सुधारका लागि सुझाव दिने।

२. ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति, एकल महिला, दलित, लोपोन्मुख समदाय एवम असहायहरूको सामाजिक सुरक्षाका सम्बन्धमा आवश्यक नीति निर्माण गर्न सुझाव दिने।

३. महिला हिसां, बालश्रम, जिउ मास्ने बेच्ने आदि अपराध रोक्न र त्यससम्बन्धी प्रभावकारी ऐन कानुन निर्माणका लागि सुझाव दिने।

४. सामाजिक सुरक्षासम्बन्धी अन्तराष्ट्रिय कानुन एवम् सन्धि सम्झौताहरुको अध्ययन गरी राष्ट्रिय सन्दर्भमा तिनको औचित्य र उपयोगिताबारे सुझाव दिने।

५. महलिा, दलित आदिवासी जनजाति, मधेसी, लोपोन्मुख एवम अल्पसंख्यक समुदाय र पिछडिएको क्षेत्रसंग सम्बन्धित विषयमा गोष्ठी तथा छलफल कार्यक्रम आयोजना गर्ने।

६. सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको अभिलेख तयार गर्ने, अन्तरक्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने।

७. समितिले तोकेको अन्य कार्य गर्ने।

व) सहकारी तथा गरिबी निवारण निकाय

१. सहकारी तथा गरिबी निवारणको क्षेत्रमा भएका कामको समग्र मल्यूांकन गर्ने र यस क्षेत्रको विकासका लागि सुझाव दिने।

२. सहकारी संस्था, संघ तथा महासंघलाई जनमखी बनाउन र प्रभावकारी रूपमा सञ्चालन गर्नसुझाव दिने।

३. सरकारको सहकारी नीति तथा गरिबी निवारण कार्यक्रमका बारेमा अध्ययन गर्ने र सुझाव दिने।

४. सहकारीको विकास र विस्तार गरी सामाजिक परिवर्तनलाई सहयोग पुर्‍याउने नीतिगत तथा संरचनागत सुधारका लागि सुझाव दिने।

५. सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको अभिलेख तयार गर्ने, अन्तरक्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने।

६. समितिले तोकेको अन्य कार्य गर्ने।

श) सहरी विकास निकाय

१. सहरी विकासको अवधारणा, उद्यश्य, नीति, संरचना र कामका सम्बन्धमा अध्ययन गर्ने। अव्यवस्थित सहरीकरणको समस्यालाई रोक्न र समयानकूल तथा व्यवस्थित शहरीकरणको विकास गर्न सुझव पेश गर्ने।

२. सहरी विकासका समस्या र चुनौतीहरूको अध्ययन गरी नीतिगत तथा व्यवहारिक सुधारका विषयमा सुझाव प्रस्तुत गर्ने।

३. सहरी विकासका लागि स्थानीय साधन-स्रोत परिचालनका उपायहरूबारे सुझाव दिने।

४. सडक, विद्युत, दुरसञ्चार, पर्यटन, खानेपानीजस्ता सहरी पुर्वाधार विकासका निम्ति क्षेत्रगत एवम् विषयगत नीतिका सम्बन्धमा सुझाव पेस गर्ने।

५. सहरी विकाससँग सम्बन्धित विशेषज्ञहरूको अभिलेख तयार गर्ने, अन्तरक्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने।

६. समिसिले तोकेको अन्य कार्य गर्ने।

ष) साहित्य, कला तथा संस्कृति निकाय

१. साहित्य, कला तथा संस्कृति सम्वन्धी पार्टी नीतिलाई समयोचित र समृद्ध बनाउन सुझव दिने।

२. जाति, भाषा, धर्म, संस्कृति सम्बन्धी समस्या तथा समाधानका उपायका सम्बन्धमा अध्ययन गर्ने र सुझाव प्रस्तुत गर्ने।

३. विभिन्न जाति, जनजाति तथा समुदायका भाषा, संस्कृति ,साहित्य र लिपिको संरक्षण तथा विकासमा सहयोग पुर्‍याउन अपनाउनुपर्ने नीतिका सम्बन्धमा सुझाव प्रस्तुत गर्ने।

४. जाति, भाषा, धर्म, संस्कृति , साहित्य र कलासँग सम्बन्धित सङ्घ-संस्थाहरूका सम्बन्धमा अध्ययन गरी तिनका सम्बन्धमा अपनाउनुपर्ने नीति प्रस्ताव गर्ने।

६. पार्टीका नेता-कार्यकर्ताहरूले अवलम्बन गर्नुपर्ने आचरण र समाजको सांस्कृति क रूपान्तरणका सम्बन्धमा सुझाव दिने। प्रगतिशील एवम जनमुखी संस्कृति र संस्कारको विकासका लागि क्रियाशील रहने।

७. साँस्कृतिक तथा साहित्यिक संस्थाहरू, साहित्यकार तथा कलाकर्मीहरू र यस क्षेत्रसँग सम्बन्धित विशेषज्ञहरूको अभिलेख तयार गर्ने, अन्तरक्रिया तथा छलफल गर्ने र सझुाव प्राप्त गर्ने।

८. समितिले तोकिदिएको अन्य कार्य गर्ने।

स) स्थानीय विकास निकाय

१. स्थानीय तहले संविधान, कानुन तथा पार्टी नीतिअनरूप काम गरे/नगरेको विषयमा अध्ययन, विश्लेषण तथा मल्याङ्कन गर्ने र नीतिगत सुझाव दिने।

२. स्थानीय सरकारको सेवा र कामलाई जनमुखी र प्रभावकारी बनाउन लिनपुर्ने नीतिसम्बन्धमा सुझाव दिने।

३. यस क्षेत्रमा कार्यरत पार्टी कार्यकर्तालाई योग्य र सक्षम बनाउन प्रशिक्षण सामाग्री र योजना तयार गरी प्रस्तुत गर्ने।

४. स्थानीय विकासलाई राष्ट्रिय विकासको समग्र धारणाअनरूप अगाडि बढाउनु तथा स्थानीय विकासमा जनसहभागिता जुटाउनका लागी नीति तथा योजना प्रस्तुत गर्ने।

५. सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको अभिलेख तयार गर्ने, अन्तरक्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने।

६. समितिले तोकेको अन्य कार्य गर्ने।

ह) स्वास्थ्य तथा जनसङ्ख्या निकाय

१. स्वास्थ्य तथा जनसङ्ख्या क्षेत्रसँग सम्बन्धित नीतिमा परिमार्जन र विकास गर्न तथा यस क्षेत्रका समस्या पहिचान गरी समाधानका उपाय प्रस्तुत गर्ने।

२. जनस्वास्थ्यका सम्बन्धमा गर्नुपर्ने खोज-अनसन्धानका विषयहरू पहिचान गर्ने सुझाव प्रस्तुत गर्ने।

३. स्वास्थ्य क्षेत्रसँग सम्बन्धित सङ्गठनहरूका सम्बन्धमा नीतिगत प्रस्ताव प्रस्तुत गर्ने।

४. राष्ट्रिय जनसङ्ख्या नीति निर्माण गर्नसुझाव दिने।

५. पार्टीले स्वास्थ्य शिविर आयोजना गर्दा विशेषज्ञहरूको समहु परिचालन गर्ने र शिविरको प्रभावकारिताका लागि सहयोग तथा समन्वय गर्ने।

६. सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको अभिलेख तयार गर्ने र उनीहरूबाट सहयोग तथा सुझाव प्राप्त गर्ने।

७. समितिले तोकेको अन्य कार्य गर्ने।

## परिच्छेद- ६

## पार्टी संयन्त्र, कार्यदल र विशेष समिति

### १८. पार्टी सयंन्त्र गठन

१. विधानको धारा-१७ लगायत विभिन्न धारामा उल्लेख भएबमोजिम पेशागत, सामुदायिक तथा सरोकारवाला सङ्घ, सङ्गठनहरूमा संयन्त्रमार्फत पार्टी नीति र भुमिका स्थापित गरिनेछ ।
२. संयन्त्रमा सम्बन्धित पार्टी कमिटीबाट तोकिएका इन्चार्जसमेत बढीमा ११ जना सदस्य रहनेछन्। संयन्त्रमा सचिवको व्यवस्था गर्न सकिनेछ ।
३. संयन्त्रमा पार्टी सदस्य रहेका सम्बन्धित सङ्गठनका पदाधिकारी तथा सदस्यहरू रहनेछन्। विशेष स्थितिमा परीक्षणकालमा रहेका सदस्य र समर्थकहरू पनि रहन सक्नेछन्।
४. सम्बन्धित तहको पार्टी समितिले आवश्यक ठानेको अवधिसम्म संयन्त्र सञ्चालन हुनेछ । जनसङ्घ वा सङ्गठनमा संयन्त्र गठनगरिएको हुन्छ, त्यो संङ्घ वा सङ्गठन विघटित भएमा वा कार्यकाल समाप्त भएमा संयन्त्रको कार्यकाल पनि स्वतः समाप्त हुनेछ । गठन गर्ने पार्टी समिति विघटित भएमा वा अधिवेशनबाट नयाँ समिति बनेमा संयन्त्र पनि स्वतः विघटन हुनेछ ।

**१९. पार्टी सयंन्त्रका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्**

१. आफूसित सम्बन्धित पेसागत, सामुदायिक, जनप्रतिनिधिमुलक तथा सरोकारवाला ससङ्गठनलाई पार्टीको नीति, निर्णय र निर्देशनअनरूप समन्वय गर्ने,

२. सम्बन्धित पार्टी समितिको निर्णय र निर्देशनलाई बिनासर्त पालना गर्ने,

३. सम्बन्धित पार्टी पमितिप्रति उत्तरदायी रहने र नियमितरूपमा आफ्ना कामको प्रतिवेदन पेस गर्ने,

४. सम्बन्धित पार्टी समितिले तोकेका अन्य काम गर्ने।

**२०. कार्यदल**

कुनै पनि पार्टी समितिले कुनै काम सम्पादन गर्न वा कुनै खास विषयमा छानविन गरी निष्कर्षमा पुग्न कार्यदल गठन गर्न, यस्तो कार्यदलको नामाकरण गर्नतथा अधिकार, कर्तव्य र कार्यविधि तोक्न सक्नेछ ।

**२१. विशेष जिल्ला समिति गठन हुनसक्ने**

विधानको धारा- २८ बमोजिम काठमाडौँ उपत्यका विशेष समिति मातहतमा देहायका विशेष जिल्ला समिति गठन हुन सक्नेछन :

१. मजदुरविशेष जिल्ला समिति

२. पेशागत विशेष जिल्ला समिति

३. युवा-विद्यार्थी विशेष जिल्ला समिति

४. उद्योग-व्यवसाय विशेष जिल्ला समिति

## परिच्छेद- ७
## विधान संशोधन तथा फरक मत उपरको छलफल

**२२. विधान संशोधन उपर छलफल**

१. विधानको धारा- ८९ बमोजिम विधान महाधिवेशन हुनभन्दा सामान्यतया एक महिना अगावै केन्द्रीय समितिले प्रदेश तथा स्थानीय समितिमा विधान संशोधनसम्बन्धी प्रस्ताव पठाउनेछ ।

२. प्रदेश तथा स्थानीय समितिले आफ्नो समितिमा छलफल गरी थप गर्नुपर्नुर्ने, हटाउनपुर्ने वा संशोधन हुनपुर्ने विषय र सोको कारण उल्लेख गरी केन्द्रीय समितिमा पठाउनपुर्नेछ ।

३. उपनियम (२) बमोजिम प्राप्त सुझावहरूलाई केन्द्रीय समितिले अध्ययन गरी सोको आधारमा विधान संशोधन प्रस्ताव परिमार्जन गर्न र विधान महाधिवेशन समक्ष पेश गर्नसक्नेछ ।

४. विधान महाधिवेशनमा केन्द्रीय समितिबाट प्रस्तुत प्रस्ताव उपर छलफल गरिनेछ र महाधिवशेनको बहुमतले गरेको निर्णयअनसुार विधान संशोधन प्रस्ताव पारित हुनेछ ।

## २३. फरकमत उपरको छलफल

१. विधानको धारा- ७१ (३) र ७८ (१) बमोजिम बैठकमा लिखित रूपमा फरक मत प्रस्तुत गर्ने सदस्यले अफ्नो फरकमत महाधिवेशन/अधिवेशनमा उठाउन आवश्यक ठानेमा त्यस्तो विषय सम्बन्धित समितिमा राख्नुपर्नेछ ।

२. त्यसरी राखिएको फरक मतका सम्बन्धमा महाधिवेशन/अधिवेशनबाटै निरूपण हुनपुर्ने ठहर भएमा समितिले महाधिवेशन/अधिवेशनको कार्यसचीमा समावेश गर्न सक्नेछ । महाधिवेशन/अधिवेशनको बहुमतले गरेको निर्णय सबैले पालना गर्नुपर्नेछ ।

## परिच्छेद- ८

## सम्पत्ति विवरण तथा आर्थिक व्यवस्था

## २५. अचल/जिन्सी लगत राख्ने तरिका

विधानको धारा- ८६ बमोजिम जग्गा, भवन र अन्य भौतिक सम्पत्तिको लगत फरक-फरक रूपमा राख्नुपर्नेछ ।

## २६. पारिश्रमिक खर्च व्यवस्था

विधानको धारा- ८७ मा उल्लेख भएबमोजिम पार्टीको पारिश्रमिक खर्च देहायबमोजिम हुनेछ :

१. अन्य वैकल्पिक स्रोत नभएका र पुर्णकालीनरूपमा पार्टीको राजनीतिक तथा प्रशासनिक कार्यमा संलग्न पदाधिकारी, सदस्य, कार्यालय सचिव र कर्मचारीलाई सम्बन्धित समितिले निर्धारण गरेबमोजिम पारिश्रमिक र सुविधा दिइनेछ ।

२. पार्टीले तोके को काममा खटिई जाने नेता तथा कार्यकर्ताको खर्चसम्बन्धित समितिले व्यहार्नुपर्नुर्नेछ ।

## २७. लेखापरीक्षण

१. विधानको धारा- २५ र ८८ बमोजिम पार्टीको लेखापरीक्षण केन्द्रीयलेखा आयोगबाट गरिनेछ । केन्द्रीय लेखा आयोगको सिफारिसमा केन्द्रीय समितिले तोकेको लेखापरिक्षकबाट अन्तिम लेखापरीक्षण हुनेछ ।

२. प्रदेश, जिल्ला तथा पालिका को आन्तरिक लेखापरीक्षण गर्नको लागि प्रदेश तहमा प्रदेश अधिवेशनबाट, जिल्ला तहमा जिल्ला अधिवेशनबाट र पालिका तहमा पालिका अधिवेशनबाट अध्यक्ष- १, उपाध्यक्ष- १, सचिव- १ सहित बढीमा ७ सदस्यीय लेखा समितिको निर्वाचन हुनेछ । यो समितिले सम्बन्धित तहको अधिवेशन र प्रतिनिधि परिषद्प्रति उत्तरदायी हुनेछ ।

३. लेखा समितिको अध्यक्षको मर्यादा सम्बन्धित तहको कमिटीको सचिवालय सदस्य सरह र उपाध्यक्ष, सचिव र सदस्यहरूको मर्यादा समितिको सदस्यसरह हुनेछ ।

४. लेखा समितिको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

क) आफ्नो समितिको आय-व्ययको नियमित अनुगमन र आन्तरीकलेखापरीक्षण गर्ने।

ख) आवश्यकताअनसुार मातहतका पार्टी समिति तथा पार्टीसम्बद्ध जनसङ्गठनहरूको आय-व्ययको निरीक्षण गरी सभ्कावसहितको प्रतिवेदन सम्बन्धित समितिमा प्रस्तुत गर्ने।

ग) आवश्यकताअनसुार लेखा तथा आर्थिक व्यवस्थापनसम्बन्धी तालिम, प्रशिक्षण सञ्चालन गर्ने।

घ) लेखापरीक्षणसम्बन्धी कामको सन्दर्भमा आवश्यकताअनसुार सम्बन्धित कमिटी मातहतका समिति र समितिका बैठक एवम् कार्यक्रममा उपस्थित हुने।

ङ) आफ्नो समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यको राजीनामा स्वीकृत गर्ने र पद पुर्तिगर्ने।

च. आफ्नो कामको जानकारी सम्बन्धित समितिलाई दिने, आवधिक प्रतिवेदन सम्बन्धित तहको प्रतिनिधि परिषद र अधिवेशनसमक्ष प्रस्तुत गर्ने।

५. प्रदेश, केन्द्रीय सम्पर्क समन्वय समिति, जिल्ला, प्रदेश सम्पर्कसमिति, महानगरपालिका र उपमहानगरपालिका समितिको अन्तिमलेखापरीक्षण गर्ने अधिकार केन्द्रीय लेखा आयोगलाई

हुनेछ। सो बाहेक अन्य समितिको अन्तिम लेखापरीक्षण एक तह माथिल्लो लेखासमितिबाट गरिनेछ।

## परिच्छेद- ९
## अनुसन्धान प्रतिष्ठान, तथा
## स्वयंसेवी संगठन

---

### २८. अनुसन्धान प्रतिष्ठान

१. केन्द्रीय समितिले देहायको कार्य गर्नविधानको धारा- ९८ बमोजिम अनुसन्धान प्रतिष्ठानको स्थापना गर्नसक्नेछ :

क) नेपाली समाजको आर्थिक-समाजिक अवस्थाको विश्लेषण र वर्गविश्लेषण गर्ने। राजनीतिक पार्टीहरूको वर्ग चरित्र,उनीहरूको सैद्धान्तिक, कार्यक्रमिक र नीतिगत भिन्नता यकि नगर्ने।

ख) सामाजिक राष्ट्रवाद र समाजतान्त्रिक लोकतन्त्रको प्रभावकारी कार्यान्वयन गर्दै समतामूलक, आत्मनिर्भर र समृद्ध नेपाल निर्माणका लागि अध्ययन, विश्लेषण तथा नीतिगत सुझाव प्रस्तुत गर्ने

ग) नेपाल कम्नयुष्टि आन्दोलनको समग्र इतिहासको अध्ययन तथा विश्लेषण गर्ने।

घ) पार्टी तथा राज्यका विभिन्न क्षेत्रका नीतिहरूको विश्लेषण गर्ने। पार्टीले लिने भावी दिशाका सम्बन्धमा अध्ययन अनसन्धान गर्ने र प्राप्त निष्कर्ष केन्द्रीय समितिसमक्ष प्रस्तुत गर्ने।

ङ) अध्ययन प्रतिष्ठान संचालन कार्यविधिमा उल्लेख भएबमोजिम तथा केन्द्रीय समितिले तोके कोअन्य कार्य गर्ने।

२. केन्द्रीय समितिले तोके को पदाधिकारी अनुसन्धान प्रतिष्ठानको अध्यक्ष हुनेछ। केन्द्रीय समितिले प्रमुख कार्यकारी निर्देशकसहित बढीमा सात सदस्यीय निर्देशक समिति मनोनयन गर्नसक्नेछ।

३. अध्ययन प्रतिष्ठानले आफ्नो कार्यविधि आफै बनाउनेछ र केन्द्रीय समिमितिबाट पारित भएपछि लागु गर्नेछ ।

२९. स्वयंसेवी सगठन विधानको धारा- ९३ बमोजिम स्वयंसेवासम्बन्धी कार्य व्यवस्थितरूपमा सञ्चालन गर्न पार्टीले एक स्वयंसेवी सङ्गठन गठन गर्नेछ । यसको नामाकरण तथा सञ्चालन 'स्वयंसेवी संङ्गठनले गठन तथा सञ्चालन निर्देशिका' मा व्यवस्था भएबमोजिम हुनेछ ।

## परिच्छेद- १०

## विविध

---

### ३०. पार्टीका ज्येष्ट नागरिको परिचय-पत्र

विधानको धारा- ९६ को उपधारा (३) बमोजिम पार्टीका ज्येष्ट नागरिक लाइ प्रदान गरिने परिचय-पत्रको ढाँचा अनसुची- ८ बमोजिम हुनेछ ।

### ३१. औपचारिक कार्यक्रम

१. विधानको धारा- ९९ बमोजिम औपचारिक कार्यक्रम संचालन गर्दा

पार्टीको झण्डा र राष्ट्रिय झण्डा राखिनेछ ।

२. पार्टीको औपचारिक समारोह संचालन गर्दा राष्ट्रिय गान अनिवार्यहुनेछ । सोपश्चात् शहिदप्रति श्रद्धान्जली अर्पण गरिनेछ ।

### ३२. अनुमति तथा कार्यभार हस्तान्तरण

१. सबै तहका पार्टी कमिटीका पदाधिकारी तथा सदस्यहरूले आफ्नो कार्यक्षेत्रबाट बाहिर जानपरेमा सम्बन्धित कमिटीको अध्यक्षलाई जानकारी दिएर जानपुर्नेछ ।

२. निर्वतमान कमिटीले नवगठित कमिटीलाई कमिटी गठन भएको १५ दिनभित्र स्रेस्ता, सम्पत्ति र हिसाब-किताबसहित कार्यभार हस्तान्तरण गर्नुपर्नेछ ।

### ३३. नियमावलीको व्याख्या

यस नियमावलीको अन्तिम व्याख्या केन्द्रीय समितिले गर्नेछ ।

### ३४. नियमावली सशोधन

केन्द्रीय समितिले यस नियमावलीमा आवश्यक संशोधन गरी लागु गर्न सक्नेछ ।

### ३५. विनियम, निर्देशिका र आचारसंहिता

पार्टीको कार्य सम्पादनलाई सवयवस्थित गर्न केन्द्रीय समितिले देहायबमोजिमका विनियम, निर्देशिका र आचारसंहिता बनाई लागु गर्नसक्नेछ :

१. आर्थिक विनियम,

२. कार्यकर्तासंरक्षण कोष विनियम,

३. केन्द्रीय कार्यालयका कर्मचारीहरूको सेवा-शर्तसम्बन्धी विनियम,

४. पार्टी स्कुल सञ्चालन निर्देशिका,

५. अनुसन्धान प्रतिष्ठान सञ्चालन निर्देशिका,

६. प्रवास क्षेत्रको कामसम्बन्धी निर्देशिका,

८. सम्पर्क मञ्च सञ्चालन निर्देशिका,

९. जनसंगठन समन्वय निर्देशिका,

१०. अन्य आवश्यक विनियम तथा निर्देशिका,

११. आचारसंहिता ।

### ३६. बाधा-अड्काउ फुकाउ

यस नियमावलीको प्रयोग गर्दा उत्पन्न बाधा-अड्काउ फुकाउन केन्द्रीय समितिले आवश्यक आदेश वा निर्देशन जारी गर्नसक्नेछ ।

## अनुसूची- १

## राष्ट्रिय सामाजिक पार्टी

## सदस्यता आवेदन-पत्र

## (नियमावलीको नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

आदरणिय अध्यक्ष, मिति : ...............................

...............................पालिका समिती,

मार्फत,

...............................वडा/शाखा समिति ।

म समाजिक राष्ट्रवाद, समाजतान्त्रिक लोकतन्त्र, राष्ट्रिय सार्वभौमिकता, सामाजिक न्याय, सुशासन, आत्मनिर्भर अर्थतन्त्र, समावेशी विकास तथा समृद्ध नेपाल निर्माणको सिद्धान्तप्रति पूर्ण प्रतिबद्ध छु।

म राष्ट्रिय समाजिक पार्टीको सिद्धान्त, उद्देश्य, नीति, कार्यक्रम, विधान तथा अनुशासनलाई पूर्ण रूपमा स्वीकार गरी इमानदारीपूर्वक कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दछु। पार्टीको हित, राष्ट्रिय एकता, लोकतान्त्रिक मूल्य-मान्यता तथा जनताको अधिकार र हितको संरक्षण एवं प्रवर्द्धनका लागि सदैव सक्रिय रहनेछु।

पार्टीको विधानमा उल्लेखित सदस्यता सम्बन्धी योग्यता पूरा गरेको हुनाले मलाई राष्ट्रिय समाजिक पार्टीको सदस्यता प्रदान गरिदिनुहुन विनम्र अनुरोध गर्दछु।

मेरो व्यक्तिगत विवरण देहाय बमोजिम रहेको छः

१. नाम .............................................................................................................

२. स्थायी ठेगाना ...........................................................................................

३. अस्थायी ठेगाना .........................................................................................

४. जन्म मिति

.............................................................................................................

५. नागरिकता प्रमाणपत्र नं

. ......................................................................................

६. नागरिकता प्रमाणपत्र जारी जिल्लाः ..............................................................

७. शैक्षिक योग्यता..........................................................................................

८. विवाहित भए दम्पत्तिको नाम ............................................................................

९. आमाको नाम...............................................................................................

१०.बाबुको नाम.............................................................................................

११. लिङ्ग...........................................................................................................

१२. जाति/समुदाय...........................................................................................

१३. पेसा ...........................................................................................................

१४.वर्ग..........................................................................................................

संक्षिप्त राजनीतिक पृष्ठभुमि..........................................................................

..........................................................................................................................

.........................

आवेदकको हस्ताक्षर

हामी आवेदकलाई राम्ररी चिन्दछौ । निजलाई विधानअनरूप पार्टी सदस्यता प्रदान गर्न उपयक्तु देखिएको हुनाले सिफारिस गर्दछौं । सिफारिस गर्ने पार्टी सदस्यको विवरण :

१. २.

नाम....................................................... नाम.......................................................

स्थायी ठेगाना......................................... स्थायी ठेगाना ..........................................

समिति ............................................... समिति ...............................................

पद .................................................... पद .....................................................

सदस्यता नं.............................................. सदस्यता नं................... ...................

सिफारिस गर्ने पालिका/इलाका समितिः

……………………………………………………………………………………………………………………

…………………………………………

यस समितिको मिति :…………………………… मा बसेको बैठकको निर्णयबमोजिम आवेदकको योग्यता पुराभएको हुँदा निजलाई पार्टी सदस्यता प्रदान गर्न जिल्ला समितिमा सिफारिश गरिएको छ ।

निर्णय प्रमाणित गर्ने :

हस्ताक्षर …………………………………………………………………………

नाम …………………………………………………………………………

पद …………………………………………………………………………

मिति …………………………………………………………………………

# अनुसूची- २

## राष्ट्रिय सामाजिक पाटी

## सदस्यता-पत्र

**(नियमावलीको नियम ७ को उपनियम (२) सँग सम्बन्धित)**



## अनुसूची- ३

## राष्ट्रिय सामाजिक पाटी

## सदस्यता स्थानान्तरण-पत्र

## (नियमावलीको नियम- ८ को उपनियम (४) सँग सम्बन्धित)

मिति ................................

आदरणीय अध्यक्षज्यु,

............................................................

राष्ट्रिय सामाजिक पार्टी

विषय : सदस्यता स्थानान्तरण सम्बन्धमा ।

महोदय,

निम्न विवरण भएका पार्टी सदस्यको सदस्यता सम्बन्धित समि तिअन्तर्गत रहने गरी स्थानान्तरण गरिएको व्यहोरा जानकारी गराइन्छ।

उहाँलाई सम्बन्धित समितिमा विधिवत् आबद्ध गरी पार्टीको सिद्धान्त, नीति तथा कार्यक्रमअनुसार सक्रिय रूपमा संगठनात्मक कार्यमा परिचालन गरिदिनुहुन अनुरोध गर्दछु

व्यक्तिगत विवरण :

नाम..........................................................................जन्म मिति .................................

सदस्यता प्राप्त मिति.............................................सदस्यता नम्बर ....................................

सदस्यता नवीकरण मिति ...................................

स्थानान्तरण हुनुअघि सङ्गठित कमिटी .................................................................

पद .............................................................................

स्थानान्तरण गर्नुपर्नाको कारण...........................................................................

सादर नमस्कार !

सरुवा गर्नेसमिति/निकाय..........................................................................................

पदाधिकारीको पद र नाम ............................................................................

हस्ताक्षर ..................................................................

बोधार्थ............................................................ ............................................................

## अनुसूची- ४

## राष्ट्रिय सामाजिक पाटी

## एकीकरण/प्रवेशको प्रक्रियाबाट पार्टीमा समावेश सदस्यको विवरण

## (नियमावलीको नियम ९ को उपनियम (१) सँग सम्बन्धित)

मिति : ..............................

आदरणीय अध्यक्षज्यु,

.................................................... समिति,

राष्ट्रिय सामाजिक पाटी

म सामाजिक राष्ट्रवाद, समाजतान्त्रिक लोकतन्त्र, राष्ट्रिय सार्वभौमिकता, सामाजिक न्याय, सुशासन, आत्मनिर्भर अर्थतन्त्र तथा समृद्ध नेपाल निर्माणको सिद्धान्तप्रति प्रतिबद्ध भई राष्ट्रिय समाजिक पार्टीको सिद्धान्त, उद्देश्य, नीति, कार्यक्रम र विधानलाई पूर्ण रूपमा स्वीकार गर्दै यस पार्टीमा आबद्ध भएको छु।

पार्टीमा आबद्ध हुनुअघि मेरो राजनीतिक तथा सामाजिक पृष्ठभूमि निम्नानुसार रहेको छः

१. प्रवेश गर्ने व्यक्तिको नाम ..........................................................................................

२. स्थायी ठेगाना ..........................................................................................................

३. अस्थायी ठेगाना ........................................................................................................

४. जाति/समदाय..........................................................................................................

५. लिङ्ग ......................................................................................................................

६. वर्ग........................................................................................................................

७. नागरिकता नं...........................................................................................................

८. नागरिकता प्रमाणपत्र प्राप्त जिल्ला ..........................................................................

९. परित्याग गरेको राजनीतिक दलको नाम ...................................................................

१०. उक्त दलको सदस्य बनेको/आबद्ध भएको मिति ......................................................

११. उक्त दल परित्याग गर्नु भन्दा ठिक अगाडी कार्यरत पद ...........................................

१२. सो पदमा निर्वाचित/मनोनित भएको मिति ..............................................................

१३. संक्षिप्त राजनीतिक पृष्ठभुमी.......................................................................................

.............................................

आवेदकको हस्ताक्षर

संलग्न कागजात :

१. परित्याग गरेको राजनीतिक दलको सदस्यता पत्र,

२. निर्वाचित ⁄ मनोनित भएको समिति, पद र मिति र

३. अन्य केही प्रमाण भए सो समेत पेश गर्नुहोला ।

धन्यावाद